# देवाही गोनाही नगरपालिका
# नगर सभा
# १३ औ नगर सभाका ११ औ बजेट अधिवेशन
# २०८३।०८४
# बजेट,नीति तथा कार्यक्रम प्रस्तुतीकरण

आदरणीय सभा अध्यक्ष ज्यू,
यस समारोहका प्रमुख अतिथि, विशिष्ट अतिथिहरु,
विभिन्न राजनीतिक दलका अध्यक्ष एवं प्रतिनिधिज्यू, उप-मेयरज्यू, वडा अध्यक्षज्यूहरु,
नगर कार्यपालिकाका सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यूहरु,
सुरक्षा निकायका प्रमुखज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु एवं पत्रकार मित्रहरु,
एवं अन्य अतिथि गणहरु,

देवाही गोनाही नगरपालिकाको १३ औ नगरसभाको ११ औ बजेट अधिवेशनमा पाल्नु भएका सम्पूर्ण महानुभावहरु लाई हार्दिक स्वागत गर्न चाहन्छु। १३ औ नगरसभाबाट देवाही गोनाही नगरपालिकाको जनसमुदायको नगरपालिकाको आर्थिक, सामाजिक एवम् भौतिक लगायतका विकास प्रतिको उच्च आकांक्षालाई यथा सम्भव सम्बोधन गर्न देवाही गोनाही नगर कार्यपालिकाको तर्फबाट म यस गरिमामय सभामा आगामी आ.व. २०८३।०८४ को बजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्नको लागि उभिएको छु। साथै प्रजातान्त्रिक एवं लोकतान्त्रिक आन्दोलन, समाजिक तथा मुक्ति आन्दोलन, देश परिवर्तनका लागि भएको जेनजी अन्दोलन लगायत मुलुकको परिवर्तनको लागि एवं सर्वोत्तम हितका लागि भएका हरेक संघर्षका दौरान आफ्नो जीवन उत्सर्ग गरी सहादत प्राप्त गर्ने सम्पूर्ण आदरणीय ज्ञात अज्ञात अमर सहिदहरु प्रति श्रद्धासुमन अर्पण गर्दै सबैमा उच्च सम्मान ज्ञापन गर्दछु।

नव वर्ष अगाडी मात्र संघीय राज्य प्रणाली अनुरुप स्थापित स्थानीय तहको रुपमा यस नगरपालिकालाई सञ्चालन गर्न भौतिक पूर्वाधार, कानुनी पूर्वाधार, जनशक्ति एवं शासकीय व्यवस्थापनको कार्यका न्यूनतम आधारस्तम्ब सम्म तयार नभइ सकेको अवस्थामा विकासको तीव्र इच्छा पूर्ति गर्न एकातिर चुनौतिपूर्ण छ भने अर्को तर्फ लामो समयदेखि अविकसित, पछौटेपन र विभेदको सिकार हुँदै आएको अवस्थामा देवाही गोनाही नगरवासीको अपेक्षा अनुरुप विकास कार्यलाई अगाडी बढाउनुका साथै सुशासन सहितको विकासका कार्य सिमित साधन र श्रोतबाट पुरा गर्न अत्यन्त चुनौतिपूर्ण अवस्थाको विद्यमानता रहेको छ। यी चुनौतिहरुको बाबजुद पनि यस

नगरपालिकाको शिक्षा, स्वास्थ्य, कृषि, र भौतिक पूर्वाधारका कार्यक्रम तथा योजनाहरुमा प्राथमिकतामा दिंदै यस आर्थिक वर्ष २०८३।०८४ को विकास कार्यक्रमहरुलाई यस नीति तथा कार्यक्रममा समावेश गरेको छु। साथै विगत देखि शिक्षा, स्वास्थ्य, कृषि, भौतिक पूर्वाधार विकास, आर्थिक बिकास सँग सम्बन्धित भइ सञ्चालनमा रहेका तर पूरा नभइसकेका योजनाहरु र कार्यक्रमहरुलाई समेत निरन्तरता दिंदै भौतिक, आर्थिक एवं सामाजिक विकासका कार्य गर्न, सेवा प्रवाहलाई प्रभावकारी बनाउन र जन उत्तरदायी भइ कार्य सम्पादन गर्न गराउन सुशासन कायम गर्ने लक्ष्य राखेको छु। नेपालको संविधामा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु संघ र प्रदेश सरकारका नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दीगो विकासका लक्ष्य, संघीय, प्रादेशिक तथा स्थानीय ऐन, कानून र कार्यविधिहरुबाट निर्देशित हुँदै यसै सम्मानित नगरसभाबाट स्वीकृत नगर सरकारको आ.व ०८३/०८४ को नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी नीति तथा कार्यकमको उद्देश्य “समृद्ध देवाही गोनाही, सुशासन र दिगो विकास हाम्रो प्रतिवद्धता” मुल मर्मलाई आत्मसात गर्दै बजेट तर्जुमा गरेको छु। यसै गरी राजनैतिक दलका नेतृत्वका सुझाव, विगतको अनुभव, नागरिक समाज, निजी क्षेत्र, सहकारी क्षेत्र, स्थानीय सामुदायिक संघ संस्था, वुद्धिजीवी,सरोकारवाला निकाय, संचारकर्मी लगायतका क्षेत्रहरुबाट विभिन्न माध्यमबाट प्राप्त राय, परामर्श तथा रचनात्मक सुझावहरुलाई समेत समेट्दै आ.व. २०८३/०८४ को अनुमानित बजेट प्रस्ताव गरेको छु।

**आदरणीय सभाध्यक्षज्यू,**

अव म चालु आ.व. २०८२/०८३ को हालसम्मको यथार्थ आय र व्यय तर्फको विवरण समिक्ष गर्न चाहन्छु। आ.ब ०८२/०८३ का लागि.बजेट रकम रु ५२ करोड ८५ लाख १ हजार ७ सय ७३ रुपैया को बजेट प्रस्तुत गरिएको थियो। जसमध्ये चालुतर्फ रु.३० करोड ८८ लाख ५१ ह्जार ७ सय ७३ र पुँजीगत तर्फ रु २१ करोड ९६ लाख ५० हजार खर्च अनुमान रहेको थियो। नगरसभाबाट स्वीकृत बजेट अनुसार आ.व. ०८२/०८३ मा आन्तरिक राजश्व परिचालनतर्फ ५५ लाख ६० हजार लक्ष्य राखिएकोमा चालु आ.व.को ज्येष्ठ मसान्तसम्म २५ लाख ४८ हजार रुपैया उठेको छ। वित्तिय हस्तान्तरण मार्फत प्राप्त हुने अनुदान रकम चालु आवको जेष्ठ मसान्त सम्म ४८ करोड ५५ लाख ११ हजार स्थानीय संचितकोषमा प्राप्त भएको छ। चालु आ.व को ज्येष्ठ मसान्त सम्म कुल खर्चको ६०.९२ प्रतिशत खर्च प्रगती भएको छ। जसमध्ये चालु तर्फ ७२.५६

प्रतिशत र पुँजीगत तर्फ ४४.५५ प्रतिशत खर्च भएको छ । त्यसैगरी यस आ.वको जेष्ठ मसान्त सम्म ९ करोड ५३ लाख ६ हजार ८ सय ५ रुपैया सामाजिक सुरक्षा भत्ता वितरण गरिसकिएको छ ।

**आदरणीय सभाध्यक्षज्यू,**

**अगामी आ.व.२०८३/०८४ को बजेट श्रोतको** रुपमा यस नगरपालिकाको सञ्चित कोषमा नेपाल सरकारबाट प्राप्त अनुदान संघीय वित्तीय समानिकरण रु.९,८९,००,०००.००,अक्षेरपी नवौ करोड उनानब्बे लाख, संघीय सशर्त अनुदान चालु रु. १८,०७,००,०००.००, अक्षेरपी रु अठार करोड सात  लाख  र संघीय सरकार सशर्त अनुदान पुजिगत रु ३,७६,००,०००.०० अक्षेरपी रु तिन करोड छिहतरी लाख गरी जम्मा **रु.३१,७२,००,०००। एकतिस करोड बहत्तरी लाख र** संघीय राजश्व बाँडफाडबाट रु १०,१३,५६,०००। अक्षेरपी रु दश करोड तेह्र लाख छपन्न हजार, प्रदेश समानीकरण अनूदान रु.६७,१७,०००, अक्षेरपी रु सरसाठी लाख सत्र हजार, प्रदेश विशेष अनुदान प्रदेश सरकारबाट रु. ३०,००,०००.००, अक्षेरपी रु तिस लाख प्रदेश समपूरक अनुदान रु. २०,००,०००.००, अक्षेरपी रु बिस लाख प्रदेश राजस्व बाँडफाड  अनुमानित रु ५०,९२,००० अक्षेरपी रु पचास लाख बयानब्बे हजार र अनुमानित आन्तरिक श्रोत घर जग्गा रजिष्टेशन शुल्क सहित रु १,१५,००,०००। अक्षेरपी रु एक करोड पन्ध्र लाख गरी कुल जम्मा रकम **रु.४४,६८,६५,०००। अक्षेरपी रु चौवालिस करोड अरसठी लाख पैसठी हजार रुपैया मात्र**को सिमा भित्र रही आ.व.२०८३।०८४ को बजेट निति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

**आदरणीय सभा अध्यक्षज्यू,**

प्रस्तुत बजेटले विगत देखि चल्दै आएको सुस्त विकास प्रक्रियालाई अन्त्य गर्दै तीव्र विकासका निमित्त सामाजिक न्यायसहित पूर्वाधार विकासमा जोड दिएको छ । साथै शिक्षा, स्वस्थ्य र कृषि, पुर्वाधार लाई प्राथमिकता दिंदै बेरोजगारलाई रोजगार उपलब्ध गराउने कुरामा ध्यान दिदै आर्थिक, सामाजिक र भौतिक पूर्वाधार विकास मार्फत आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको छ । जसलाई निम्नानुसार प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

# नीति तथा कार्यक्रम

## १. आर्थिक विकास तर्फ

### क. कृषि

- यस नगरपालिका क्षेत्र भित्र गरिने कृषि पेशा लाई बैज्ञानिक ढंगबाट व्यवस्थापन गरी व्यवसायिकरण गरी आत्मनिर्भर बनाउनका लागी आवश्यक बजेट विनियोजन गरिनेछ ।
- कृषिलाई उत्पादनमुखि बनाउन अनुदान, कृषि बिमा, बजारीकरण प्राविधिक परामर्श सेवा गराउन व्यावस्थ मिलाउनुको साथै बिभिन्न बालीनाली तरकारी खेती उत्पादन वृद्धि गर्नका लागि किसानहरुलाई उन्नत जातको बीऊ,मलखद तथा किटानाषक औषधी उपलब्ध गराइनेछ ।
- नगरपालिका क्षेत्रभित्रका किसानहरुलाई समयमा मलखाद उपलब्ध गराउनका लागि सहकारी संस्थाहरुको संख्या वृद्धि तथा थप जिम्मेवारी दिइ पारदर्शी तरिकाले वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
- आधुनिक र व्यवसायिक फर्म संचालन गर्ने कृषकलाई प्रोत्साहन गरिने नीति अबलम्बन गरिनेछ ।
- माटो जाँच गर्ने गर्नको लागि बजेटको व्यवस्था मिलाईनेछ ।
- किसान सुचिकरण प्रतिकियालाई प्रभावकारी बनाइने छ ।
- कृषि तथ्याक सकंलन प्रकियालाई प्रभावकारी ढंगले संचालन गरिनेछ ।
- कृषि सिचाई लागि कृषि बिधुतीकरण कार्यको लागि पहल गरिनेछ ।
- चैते धान प्रर्वदन कार्यकमलाई निरन्तरता दिईनेछ ।
- कृषि हाट बजार निर्माण गरिने छ ।
- सरकारी तथा गैर सरकारी कार्यालयहरुको सहकार्यमा निम्न बमोजिमका कार्यक्रमहरु संचालन गरिनेछ ।
  - कृषिलाई व्यवसायीकरण गरि आत्मनिर्भरको प्रमुख पेशाका रुपमा प्रर्वद्धन गरिनेछ ।

- कृषि कार्यक्रमलाई विस्तार गर्नको लागि सफल कृषकहरु पहिचान गरी अनुभव साटासाट गर्नको लागि नगरस्तरीय कार्यक्रमको आयोजना गरिनेछ।
- कृषि तालिम (उद्यमशिलता बिकास ) ।
- गुणस्तरीय बिऊ आलुको स्रोत केन्द्रको बिकास तथा गुणस्तरीय आलु उत्पादन बढाउने कार्य ।
- खेती योग्य जमिनमा घर निर्माणमा निरुत्साहन गरिने (भु-उपयोगी निती अवलम्बन) ।
- सिँचाईको लागि कृषि बोरिङ जडान तथा मोटर खरिद गरि वितरण गरिने छ।

## ख. पशुपक्षी र मत्स्य

- पशुपक्षीको परम्परागत ढंगले गरिने गर्भधारणलाई विस्थापित गरी विकसित ब्रिडबाट गर्भधारण गर्ने व्यवस्था मिलाइनेछ ।
- व्यवसायिक रुपमा पशुपक्षी पालन गर्ने व्यवसायीलाई अनुदानको व्यवस्था मिलाइनेछ ।
- व्यवसायिक माछा पालनलाई बढावा दिइने नीतिमा जोड दिइनेछ ।
- दुग्ध खरिदको ग्यारेन्टी गर्न दुग्ध चिस्यान केन्द्रको लागि पहल गरिनेछ ।
- माछा मासुको विक्री वितरणलाई स्वच्छ र सफा राख्न विशेष व्यवस्था गरिनेछ ।
- पशुपंक्षी उपाचार सेवा, पशु आहार कार्यक्रम, पशुपंक्षी खोप कार्यक्रम तथा बाझोपन निवारण जस्ता कार्यहरुलाई व्यास्थित गरिने छ ।
- पशुपंक्षी तथा माछाको तथ्यांक अध्यवाधिक गरिने छ ।
- नगरक्षेत्र भित्र निशुल्क पशु स्वास्थय शिविर संचालन गर्नको लागि बजेट बिनियोज गरिने छ ।
- पशु अहाराको लागि उन्नत जातको घाँसको बिउ बितरण गर्न बजेट विनियोजन गरिनेछ ।

## ग. सहकारी

- सहकारी संस्थाहरुको दर्ता, नवीकरण तथा नियमन गर्ने व्यवस्था गरिनेछ ।
- सहकारी मार्फत हुने बिक्री वितरणलाई व्यवस्थित र पारदर्शी गरिनेछ ।
- कृषि सहकारी र ऋण तथा वचत सहकारी संस्थाहरुलाई प्रोत्साहन र नियमन गरिनेछ ।

## घ. पर्यटन तथा संस्कृति

- यस नगरपालिकाको सम्वृद्धिको आधारको रुपमा रहेको पर्यटन क्षेत्रलाई विकासको आधारशिला बनाउन आवश्यक रणनीतिहरु तयार गर्न पर्यटनसंग सम्बन्धीत विज्ञहरुको सल्लाह र सुझाव लिई पर्यटकीय क्षेत्रहरु विविधीकरण गर्न आवश्यक पर्यटकीय गुरु योजना तयार गरिनेछ ।
- नगरपालिकामा पार्क र प्रदर्शनी स्थललाई प्रवर्द्धन तथा व्यवस्थित गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- मधेश संस्कृति सङ्ग्राहलयलाई पर्यटकिय स्थलको रुपमा  व्यवस्थित गरि संचालन गर्नको लागि वजेटको व्यावस्था गरिने छ  ।
- देवाही गोनाही नगरपालिका नगर कार्यपालिकाको कार्यालय अगाडीको पोखरीलाई पर्यटकिय स्थलको रुपमा विकास तथा सौन्दर्यकरण गर्नको लागि बिशेष पहल गरिनेछ ।
- यस नगरपालिका क्षेत्रभित्रको पौराणिक तथा ऐतिहासिक धरहरा, मठ, मन्दीरहरुलाई स्तरोन्नति गरी पर्यटकिय स्थलको रुपमा विकास गरिनेछ ।
- स्थानीय चाड पर्वहरु जस्तै झिझिया, जर-जटिन, सामाचकवा, चैतावर, फगुवा लगायतका पर्वहरुको संरक्षण गरिनेछ ।
- दाह संस्कारलाई सुरक्षित र पवित्र राख्न मसानघाट निर्माणमा जोड दिइनुका साथै एक विद्युत सव दाह गृहको निर्माण गर्नको निम्त बिशेष पहल गरिनेछ ।

### ङ. उद्योग(वाणिज्य तथा वित्तिय)

- स्थानीय घरेलु उद्योगहरुको दर्ता, नवीकरण र नियमन गरिनेछ ।
- नगरभित्र उद्योग स्थापना गर्न चाहने व्यक्ति तथा संस्थालाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- स्थानिय उधोग,घरेलु उधम तथा सहकारीको प्रवद्धन गरिने छ ।
- वितिय संस्थाहरुको स्थापना एवम् प्रोत्साहनमा जोड दिइनेछ ।
- युवाहरुकोलागि स्वरोजगार कार्यक्रम संचालन गरी रोजगारी सृजना हुने कार्य विशेष जोड दिइनेछ ।
- यस नगरपालिका क्षेत्रभित्रका सार्वजनिक पोखरी,ताल ,बजार र सार्वजनिक स्थलमा तथा नगरपालिकको स्वमित्व,संरक्षणमा रहेका जग्गा जमिनहरुमा निर्मित भवन, सटर, जमिनलाई आवश्यकता एवम उपयोगिताको अधारमा ठेक्कापटा, लिज,अन्य सम्झौताबाट भाडामा लगाई आन्तरिक आयको स्रोतको रुपमा व्यावस्थित गरिने छ ।

## २. सामाजिक विकास तर्फ

### क. शिक्षा तथा खेलकुद

- स्थानीय तहको अधिकार क्षेत्र भित्र रहेको आधारभूत तथा माध्यमिक शिक्षको नियमन एवं व्यवस्थापन गरी शिक्षा क्षेत्रलाई व्यवस्थित, गुणस्तरीय र प्रविधियुक्त बनाउनको लागि स्थानीय तहको शिक्षा सम्बन्धि कानुन जस्तै शिक्षा ऐन, नियमावली, निति, नियमलाई कार्यान्वयन गरिनेछ ।
- यस नगरपालिका क्षेत्रभित्रको यस शैक्षिक सत्र देखि कक्षा ११ सञ्चालनमा रहेको विधालायहरुलाई व्यावस्थित गर्न बजेटको व्यावस्था मिलाइनेछ ।
- नगरक्षेत्रका विधालयहरुमा अध्ययनरत बिधार्थीहरुको बौद्धिक बृद्धिको लागि त्रैमासिक रुपमा नगरस्तरीय हाजरी जवाफ प्रतियोगिताको संचालन गर्नको लागि बजेट बिनियोजन गरिनेछ ।

- विधलायहरुको लागि खेलकुद सामाग्री खरिद गरि वितरणको लागि बजेटको व्यावस्था गरिनेछ ।
- यस नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा राजिष्टेशन शुल्क नलाग्ने व्यवस्था मिलाइनेछ ।
- यस नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने दलित छात्राहरु (स्नातक तह र स्नाकोत्तर तहमा अध्ययनरत) लाई एक पटक उच्च शिक्षा छात्रवृत्तिको व्यवस्था मिलाइनेछ ।
- यस नगरपालिकाको क्षेत्र भित्रमा शिक्षाबाट वञ्चित रहेका अल्पसंख्यक दलित जातिका बालबालिकालाई विशेष शिक्षाको व्यवस्था गरिनेछ ।
- सामुदायिक विद्यालयको पठन पाठनलाई व्यवस्थित तथा गणस्तरीय बनाउन थप शिक्षकको व्यवस्था मिलाइनेछ ।
- सामुदायिक विद्यालयका बालविकास तथा विद्यालय कर्मचारीहरुको खाई पाई आएको तलव भता लाई यथावत राखिने छ ।
- शिक्षा क्षेत्रको भौतिक पूर्वाधार निर्माण अर्न्तगत वडाबाट प्राथमिकता क्रम निर्धारण भई आएका योजनाहरुलाई सरकारी तथा गैर सरकारी निकाय माफर्त  निर्माण गर्न सहकार्य गरिनेछ ।
- प्रत्येक वडाहरुमा स्थानीय आवश्यकता अनुसार प्राविधिक तथा व्यवसयिक शिक्षा स्थापना सञ्चालनका लीग आवश्यक रणनीति बनाई कार्यान्वयन गरिनेछ । -
- ५ बर्ष भित्र नगरवासीलाई साक्षर बनाउने कार्यक्रम संचालन गरिनेछ ।
- बिद्यालायहरुको अध्ययन गरि प्रतिवेदनको अधारमा उत्कृष्ट विद्यालायहरुलाई अंग्रेजी भाषामा अध्ययन अध्यापन कार्यलाई अगाडी बढाईनेछ ।
- प्रत्येक बिद्यालायमा चालु आर्थिक वर्ष २०८३।८४ मा विधालायमा बिद्युतीय हाजरी जडान गरी बिद्यालाय प्रशासनलाई थप व्यवस्थित गर्न बजेट विनियोजन गरिनेछ ।

- यस नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा आवश्यक फर्निचर, मेशीनरी औजार अन्गत ल्यापटप, कम्पयुटर सेट, शैक्षिक भ्रमण, शिक्षकलाई तालिम, परिक्षा सञ्चालन गर्नको लागि बजेट विनियोजन गरिनेछ ।
- नगरपालिका स्तरीय पुस्तकालय स्थापना गर्न आवश्यक पहल गरिनेछ ।
- स्थानीय पाठ्यक्रमको लागि बजेटको व्यास्था मिलाईने छ ।
- सामुदायीक माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला स्थापना गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा छात्रा शौचालय निर्माण तथा छात्राहरुलाई निशूल्क स्यानेटरी प्याडको व्यवस्था गरिनेछ ।
- शिक्षकहरुको कार्य सम्पादन र विद्यार्थीको उतिर्ण नतिजाको आधारमा दण्ड, पुरस्कार र सम्मानको व्यवस्था गरिनेछ ।
- परम्परागत खेलकुदलाई लोप हुन नदिन समय सापेक्ष विकास गर्दै सम्वर्द्धनको नीति लिइनेछ ।
- नगर स्तरीय क्रिकेट खेल प्रतियोगिता  संचालन गर्ने व्यवस्था मिलाइनेछ ।
- नगरपालिका भित्र रहेका खेल मैदानहरुको पहिचान गर्ने ।
- विद्यालयमा आवश्यक खेलकुदका सामाग्रीहरु उपलब्ध गराइनेछ ।
- प्रत्येक विधालायहरुमा  दिवाखाजालाई  व्यावस्थित गर्न नगरपालिकबाट अनुगमण समिति गठन गरी प्रभावकारी बनाईने छ ।
- बिधालायहरुको  भौतिक संरचना निर्माणमा बिशेष पहल गरिने छ ।
- महिलाहरुलाई सारक्षतामा दरमा बृदी गर्नको लागि कन्या बिधालायको स्थापन तर्फ बिशेष पहल गरिने छ ।
- जय किसान मा.वि धरहरीमा भवन निर्माण गरिनेछ ।
- शैक्षिक गुणस्तर कायम गर्न नगरपालिका द्धारा करार शिक्षक हरु भर्ना गर्ने व्यावस्था मिलाईने छ ।
- सबै बालबालिकालाई निःशुल्क, अनिवार्य र गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गरिनेछ ।
- विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउने अभियान सञ्चालन गरिनेछ ।
- अपांगता, दलित, जनजाति, विपन्न तथा जोखिममा परेका बालबालिकाका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

- बालिका शिक्षा र लैङ्गिक समानतालाई प्रवर्द्धन गरिनेछ ।
- विद्यालय भवन निर्माण, मर्मत तथा स्तरोन्नति गरिनेछ ।
- शौचालय, खानेपानी, पुस्तकालय र प्रयोगशालाको सुधार,बालमैत्री तथा अपांगमैत्री पूर्वाधार विकास गरिनेछ ।
- खेलमैदान तथा अतिरिक्त क्रियाकलापका संरचना विकास गरिनेछ ।
- सबै माध्यमिक विद्यालयमा ICT प्रयोगशाला स्थापना गरिनेछ ।
- स्मार्ट कक्षा तथा ई-लर्निङ प्रणाली लागू गरिनेछ ।
- इन्टरनेट पहुँच विस्तार गरिनेछ ।
- प्राविधिक शिक्षालय विस्तार तथा सुदृढीकरण गरिनेछ ।
- रोजगारमुखी सीप विकास तालिम सञ्चालन गरिनेछ ।
- स्थानीय आवश्यकता अनुसार कृषि, पर्यटन, उद्यमशीलता र IT तालिम दिने
- “स्वस्थ जीवनका लागि खेलकुद” अभियान सञ्चालन,योग, व्यायाम तथा फिटनेस कार्यक्रम सञ्चालन गरिनेछ ।
- युवालाई खेलकुदमा आकर्षित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय तथा नगरस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन,प्रतिभाशाली खेलाडी पहिचान र प्रोत्साहन गरिनेछ ।
- कोचिङ तथा अभ्यास कार्यक्रम सञ्चालन गर्नको लागि बजेट विनियोजन गरिने छ ।

**ख. स्वास्थ्य**

- यस देवाही गोनाही नगरपालिका क्षेत्र भित्र गुणस्तरीय स्वास्थ्य सेवाको लागि MBBS डाक्टरको व्यावस्थापन गरि सेवा उपलब्ध गराईनेछ ।
- नगरपालिका भित्र रहेको स्वास्थ्य संस्थाहरुमा खोपलाई सुरक्षित बनाई राख्नको लागि सञ्चालनमा रहेको रेफ्रिजेरेटरको प्रभावकारी ढगँले व्यावस्थापन गरी संचालन गरिनेछ ।
- स्वास्थ्य संस्थाबाट निस्कने फोहारहरु मानव स्वास्थ्यका लागि ज्यादै हानीकारक हुने हुनाले समयमै उचित व्यवस्थापनको लागि नगरपालिका भित्र रहेको स्वास्थ्य संस्थाहरुमा एक/एक ओटा इन्सिीरेटर उपलब्ध गराउनका लागि सरकारी तथा अन्य संस्थाहरु संग पहल गरिनेछ ।
- गर्भवती महिलाहरुको लागि स्वास्थ्य संस्थामा भिडियो एक्सरे द्वारा स्वास्थ्य जाँच गर्नको लागि बजेट व्यवस्था गरी प्रभावकारी ढगँले संचालन गर्न प्रकिया बढाईने छ ।

- सबै नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क तथा सर्वसुलभ रूपमा उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।
- प्रत्येक वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूको सुदृढीकरण गरिनेछ ।
- गर्भवती, सुत्केरी र बालबालिकालाई प्राथमिक स्वास्थ्य सेवा सुनिश्चित गर्न व्यावस्था मिलाईने छ ।
- नगरपालिका अन्तर्गतका वडाहरुमा सेवारत महिला स्वास्थ्य स्वयंसेविका तथा फोरभिजिट एएनसी जाँच गरेवापतमा उपलब्ध गराउँदै आएको यातायात तथा खाजा खर्च वापत रकम उपलब्ध गराईनेछ ।
- नगरपालिकाका सबै स्वास्थ्य चौकीहरुमा रहेका स्थानीय कार्मचारीहरुको सेवा सुविधा यथावत राखिनेछ ।
- यस नगरपालिका क्षेत्रमा रहेका स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्न थप दक्ष जनशक्तिको व्यावस्थापन गरिनेछ ।
- विपद्का जोखिम न्यूनिकरणका लागि पूर्व तयारीका अर्न्तगत आवश्यक औषधि खरिदका लागि स्वास्थ्य केन्द्रहरुमा कोष खडा गर्न पहल गरिनेछ ।
- स्वास्थ्य संस्था बाट सृजित फोहोर व्यवस्थापनको लागि आवश्यक पहल र बजेट व्यवस्था गरिनेछ सो को लागि बढी जिम्मेवारी सम्बन्धित संस्थालाई नै दिईनेछ ।
- नगरपालिकाभित्र गर्भवती महिलाहरुको सुरक्षीत प्रस्तुतिको लागि बर्थिगं सेन्टर निर्माण र सञ्चालनमा बिशेष प्राथमिकता दिनेछ ।
- महिलाहरुलाई प्रजनन् स्वास्थ्य सम्बन्धी तालिम दिइनेछ ।
- स्वास्थ्य केन्द्रहरुको भौतिक पुर्वाधारहरु निर्माणको लागि पहल गरिनेछ ।
- यस नगरपालिका क्षेत्रभित्रका सवै स्वास्थ्य चौकीहरुमा वर्षै भरि निःशुल्क वितरण गरिने औषधीहरुको व्यवस्था गरिनेछ । साथै औषधी खरिद प्रक्रियालाई अझ प्रभावकारी तथा पारदर्शी गरिनेछ ।
- महिला स्वयंसेविका परिश्रमिमा मासिक रुपमा रु ५०० ले बृद्धि गरिनेछ । तथा कार्यालय सहयोगीहरुको सेवा सुविधा यथावत रहनेछ ।
- नसर्ने रोगको रोगीहरुकालागि निःशुल्क औषधीको व्यवस्था मिलाइनेछ ।
- स्वास्थ्य चौकिहरुमा विद्युतिय हाजिरीको व्यवस्था गरिनेछ ।
- बहु क्षेत्रिय पोषण कार्यक्रमलाई प्रभावकारी तथा समय सापेक्ष बनाइ लागू गरिनेछ व्यावस्था मिलाईने छ ।
- स्वास्थ्य संस्थाहरुबाट छिटो छरितो सेवाको लागि कम्प्यूटर, इन्टरनेटको व्यावस्थापनलाई प्रभावाकारी ढगँले संचालन जोडदिनेछ ।

- स्वास्थ्य संस्थाहरुमा आवश्यक फर्निचर, दराज, धारा जडान, शौचालयको व्यवस्था मिलाइनेछ ।
- प्राइभेट क्लिनिक तथा औषधी पसलहरुको प्रोत्साहन तथा नियमम गरिनेछ ।
- माहामारी रोग नियान्त्रण गर्न उपलब्धीमुलक कार्यक्रम संचालन गरिने छ ।
- स्वास्थयका विभिन्न कार्यक्रम प्रभावकारी ,उपलब्धीमुलक ढंगले संचालन गर्न आवश्यक निर्देशन दिनेछ ।
- आयुर्वेद आस्पातालको स्थापनमा बिशेष पहल गरिने छ ।
- महिला स्वमसेविकाहरुको बार्षिक तथा अध्यावार्षिक समिक्षाको लागि बजेट विनियोजना गरिने छ ।
- पालिका अन्गार्त निर्माणधिन १५ शैया आधारभुत अस्पातालको निर्माण लाई व्यास्थित बनाई यसै आ.वामा निर्माण कार्य समपन्न गरिनेछ ।
- यस नगरक्षेत्र भित्र संचालनमा रहेका बर्थिङ्ग सेन्टर लाई सुदिढकरण गरी अन्य वडाहरुमा थप बर्थिङ्ग सेन्टर संचालन ल्याइने छ ।
- आवश्यकताको आधारमा आखाँ, नाक , कान, लगायत अन्य स्वास्थय समास्यहरु समाधान गर्न स्वास्थय शिविर संचालन गरिने छ ।
- स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधि र उपकरणको नियमित आपूर्ति सुनिश्चित गरिनेछ ।
- स्वास्थ्यकर्मीको क्षमता विकास तथा तालिम कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरिनेछ ।
- स्वास्थ्य संस्थाहरूको नियमित अनुगमन तथा मूल्याङ्कन प्रणाली लागू गरिने छ ।
- गुणस्तरीय सेवा प्रवाहका लागि सेवा मापदण्ड (Service Standard) कार्यान्वयन गरिने छ ।
- मातृ तथा बाल स्वास्थ्य सुधार ,सुरक्षित मातृत्व कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।
- नियमित खोप कार्यक्रमलाई पूर्ण रूपमा कार्यान्वयन गरिने छ ।
- कुपोषण न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिने छ ।
- बाल स्वास्थ्य तथा पोषण सुधार अभियान सञ्चालन गरिने छ ।
- रोग नियन्त्रण तथा रोकथाम जस्तै सरुवा रोग (डेंगु, क्षयरोग, मलेरिया आदि) नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्वास्थ्य सचेतना तथा जनचेतनामूलक अभियान विस्तार गरिने छ ।
- नियमित स्वास्थ्य परीक्षण तथा स्क्रिनिङ कार्यक्रम सञ्चालन गरिने छ ।

- महामारी नियन्त्रणका लागि आपतकालीन स्वास्थ्य प्रणाली सुदृढ गर्न व्यावस्था मिलाईने छ ।
- स्वास्थ्य चौकी, अस्पताल तथा प्रसूति केन्द्रहरूको स्तरोन्नति गरिने छ ।
- एम्बुलेन्स सेवा विस्तार तथा सुदृढीकरण गरिनेछ ।
- स्वास्थ्य संस्थामा स्वच्छ खानेपानी र सरसफाइ व्यवस्था सुधार गर्न,सुरक्षित खानेपानी तथा स्वच्छता कार्यक्रम सञ्चालन गरिने छ ।
- मानसिक स्वास्थ्य तथा सामाजिक स्वास्थ्य,मानसिक स्वास्थ्य सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- लागूऔषध दुर्व्यसन न्यूनीकरण कार्यक्रम सञ्चालन गरिने छ ।
- किशोर-किशोरी लक्षित स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्न बजेटको व्यावस्था मिलाईने छ ।
- आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रवर्द्धन,आयुर्वेदिक स्वास्थ्य सेवा विस्तार गर्न व्यास्था मिलाईने छ ।
- स्वास्थ्य संस्थाको डिजिटल अभिलेख प्रणाली लागू गर्न बजेटको व्यास्था मिलाईने छ ।
- नागरिक गुनासो व्यवस्थापन प्रणाली सुदृढ गर्न ,सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण नियमित गरिने छ ।

**ग. खानेपानी तथा सरसफाई**

- गुणस्तरीय स्वच्छ खानेपानी उपलब्ध गराउन यसै आर्थिक वर्षमा संम्भावयता अध्यायन गरि पानी ट्याङ्की निर्माणको लागि आवश्यक पहल गरिने छ ।
- वडाबाट सिफरिस भई आएका खानेपानी सम्बन्धि योजनाहरुलाई प्राथमिकता क्रम निर्धारण गरी बजेट विनियोजन गरिने छ ।
- स्वचछ खानेपानीको लागि नगरपालिकबाट प्रत्येक वडामा deep tube well जडान गर्नको लागि बजेट विनियोजन गरिनेछ ।
- नगरपालिका क्षेत्रमा सरसफाईका लागि आवश्यक जनशक्तीको व्यवस्था गरिनेछ ।
- "एक घर एक चर्पि" निर्माणको अभियान सञ्चालन गरिनेछ ।
- लामखुट्टे नियन्त्रणको कार्यक्रम प्रभावकारी ढगँले सञ्चालन गरिनेछ ।

- स्वच्छ वातावरण र सरसफाईको कार्यलाई व्यवस्थित गरिनेछ। सुरक्षित खानेपानीको पहुँच विस्तार
- सबै नागरिकलाई सफा, सुरक्षित र दिगो खानेपानी सेवा उपलब्ध गराउने नीति अवलमबन गरिने छ ।
- खानेपानी योजनाहरूको मर्मत, सुधार र स्तरोन्नति गर्न बजेट व्यावस्थापन गरिनेछ ।
- खानेपानी गुणस्तर सुधार ,नियमित रूपमा पानीको गुणस्तर परीक्षण (Water Quality Testing) गर्न बजेट विनियोजन गरिनेछ ।
- समुदाय स्तरमा पानीको स्वच्छता सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- सरसफाइ तथा स्वच्छता प्रवर्द्धन"पूर्ण सरसफाइयुक्त नगरपालिका" बनाउने लक्ष्य अघि बढाउने छ ।
- घर-घरमा शौचालय प्रयोगलाई अनिवार्य र दिगो बनाउने लक्ष्य अनुरुप कार्यक्रम संचालन गरिने छ ।
- व्यक्तिगत र सामुदायिक सरसफाइ अभियान सञ्चालन गर्न , फोहोरमैला व्यवस्थापन गर्न ,स्रोतमा नै फोहोर छुट्याउने (Segregation at Source) प्रणाली लागू गरिने छ ।
- नदी, खोला, ताल तथा जलस्रोत सरसफाइ अभियान सञ्चालन गरिनेछ ।
- सार्वजनिक स्थल, बजार र विद्यालय सरसफाइ नियमित गर्न बजेटको व्यावस्था मिलाईने छ ।
- सुरक्षित खानेपानी र सरसफाइ सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्न, विद्यालय तथा समुदायस्तरमा WASH शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।
- स्वास्थ्य र सरसफाइ सम्बन्धी व्यवहार परिवर्तन अभियान सञ्चालन गरिने छ ।
- सेवा शुल्क प्रणालीलाई पारदर्शी र न्यायोचित बनाउने छ ।

## घ. लैंगिक समानता तथा सामाजिक समावेशीकरण

- एकीकृत दलित वस्तीमा भवन निर्माण कार्य लाई व्यावस्थित बनाई, गरीब परिवारको लागि घर मर्मत गर्न रकमको व्यवस्था मिलाइनेछ ।
- महिला सशक्तिकरणमा जोड दिइनेछ ।
- सामाजिक समावेशीकरणको लागि विशेष कार्यक्रम संचालन गरिनेछ। महिला तथा पुरुषबीच अवसर, सहभागिता र लाभमा समान पहुँच सुनिश्चित गरिने छ ।
- निर्णय प्रक्रियामा महिलाको अर्थपूर्ण सहभागिता वृद्धि गरिने छ ।

- लैङ्गिक विभेद र हिंसा अन्त्य गर्ने कार्यक्रम सञ्चालन गर्न ,सामाजिक समावेशीकरण सुनिश्चितता गरिने छ ।
- दलित, जनजाति, अपांगता भएका व्यक्ति, एकल महिला तथा पिछडिएका वर्गको समावेशी सहभागिता सुनिश्चित गरिने छ ।
- सामाजिक रूपमा पछाडि परेका समुदायका लागि विशेष कार्यक्रम सञ्चालन गर्न ,सेवा तथा अवसरमा सबै वर्गको समान पहुँच सुनिश्चित,समावेशी विकास नीति कार्यान्वयन गरिने छ ।
- महिला उद्यमशीलता र आयआर्जन कार्यक्रम प्रवर्द्धन गर्न ,सीप विकास तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरिने छ ।
- छात्राहरुलाई विद्यालय जान र पठनपाठनप्रति प्रेरित गर्न प्रोत्साहनको कार्य गरिनेछ
- नगरपालिकामा बाल उद्यान, बृद्ध चौतारी, बृद्धश्राम निर्माण गर्नको लागि विभिन्न संस्थाहरु संग सहकार्यका लागि आवश्यक पहल गरिने छ ।
- लैगिक समानाता  हिसां न्युनिकरण गर्न जनचेतनामुलक कार्यक्रम संचालनमा बजेट व्यावस्थापन गरिने छ ।
- समाजमा भएको बेतीथीहरुको निराकरण गर्न जनचेतानामुलक कार्यक्रम संचालन गर्नको लागि बजेट बिनियोजन गरिनेछ ।
- आय आर्जनको निम्ति सिपमुलक तालिम कार्यक्रम प्रदान गरिनेछ । सबै नीति, योजना र कार्यक्रमहरूमा लैङ्गिक समानता सुनिश्चित गर्ने नीति अवलमबन गरिने छ ।
- महिलामाथि हुने हिंसा न्यूनीकरण तथा संरक्षण कार्यक्रम सञ्चालन गर्न,नेतृत्व विकास तथा क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिने छ ।
- जोखिममा परेका बालबालिकाको संरक्षण सुनिश्चित गरिने छ ।
- अपांगता भएका व्यक्तिका लागि शिक्षा, स्वास्थ्य र रोजगारीमा विशेष सुविधा दिने व्यावस्था मिलाईने छ ।

- सेवा, सुविधा र विकास कार्यक्रममा सबै समुदायको समान पहुँच सुनिश्चित गरिने छ ।
- गरिब तथा विपन्न वर्गका लागि लक्षित कार्यक्रम सञ्चालन गरिने छ ।
- भेदभाव, छुवाछुत र सामाजिक कुरीति अन्त्य गर्ने नीति लागू गरिनेछ ।
- लैङ्गिक उत्तरदायी बजेट प्रणाली लागू गरिनेछ ।

## ३. पूर्वाधार विकास तर्फ

### क. सडक तथा पुल

- नगरपालिका क्षेत्रको सडकहरुको निर्माण, मर्मत सम्भार, स्तरोन्नति गर्न प्राथमिकता दिदैं आवश्यक  बजेट विनियोजन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र बन्दै गरेका अधुरो  भौतिक संरचनाहरुलाई प्राथमिकता दिइनेछ ।
- वडाबाट प्राथमिकरण भई आएका योजनाहरुका लागि प्राथमिकता अनुसार बजेट विनियोजन गरिनेछ ।
- भौतिक निर्माण तर्फ वढि लागत सहभागीता तथा जनसहभागिता जुट्ने योजनाहरुलाई प्राथमिकता दिइनेछ ।
- शहरी विकास मन्त्रालयको कार्यक्रमलाई निरन्तरता दिईनेछ साथै सो को प्रभावकारी कार्यान्वयनको लागि जनप्रतिनीधिहरुको प्रत्यक्ष निगरानीमा काम गराईनेछ ।
- बकैया नदीको पुलदेखि पूर्व धरहरीको सिमाना सम्म सिसि क्यामार जडानलाई प्रभावाकारी ढगँले व्यास्थापन गरिनेछ ।।
- यस नगरपालिका क्षेत्रभित्रका गोनाही बजार, पटेल चौक बजार, मलङ्ग चौक बजार, देवाही गोट बजार लाई स्तरोन्नति गर्न व्यास्था मिलाईनेछ ।

- यस नगरपालिका क्षेत्रभित्र विद्युत सेवाबाट बञ्चीत रहेका नगरबासीहरुको पहिचान गरि बिद्युत सेवा सहज गराईने छ ।
- नगर क्षेत्रभित्र सडक ढलान तथा नाला निर्माणमा बिशेष जोड दिईनेछ ।
- नगरपालिका क्षेत्र भित्र सडक ढलान तथा स्तरोन्नती कार्य प्रभावकारी रुपले संचालन गरिनेछ ।
- प्रत्येक वडामा विवाह भवन निर्माणका लागि बिभिन्न निकायसंग समन्वय गरी निर्माणका लागि पहल गरिने छ ।
- जिल्ला प्रशासन कार्यालयले तयार गरेको जिल्ला दररेटलाई नै यस नगरपालिकामा लागु गर्ने गरि स्थानीय दररेट मान्यता दिईनेछ ।

## ख. सिचाई तथा नदी नियन्त्रण

- प्रत्येक खेतमा सिंचाईको प्रबन्ध गर्न पहिले देखि सञ्चालित झाँझ नहर सिंचाईलाई व्यवस्थित गर्ने र थप खेतहरुमा नहर कुलो विस्तार गर्ने कार्यलाई जोड दिदैं नहर नपुग्ने ठाउँमा डीप ट्यूवेल तथा स्यालो ट्यूवेलको व्यवस्था गरिनेछ ।
- सिंचाईको लागि जडान गरिने कृषि विद्युत मिटर र कृषि विद्युत मिटरमा उठेको विद्युत महसुलको सत प्रतिशत रकम निशुल्क गरिनेछ ।
- वैकल्पिक उर्जा मार्फत सोलार ट्यूवेल जडानलाई पनि ध्यानमा राखी आधुनिक सिचाई प्रविधिमा जोड दिइनेछ ।
- नगरपालिक क्षेत्र भित्र रहेको पोखरीहरुलाई अधुनिकीकरण गर्न बजेटको व्यावस्था मिलाईने छ ।
- सिचाईको लागि विधुत पोल तार स्थानान्तरण गर्न नेपाल बिधुत प्राधिकरण लाई अनुरोध गरिनेछ ।
- . सिँचाइ प्रणाली विस्तार,कृषियोग्य जमिनमा भरपर्दो सिँचाइ सुविधा विस्तार गर्ने सिँचाइ नहरहरूको नियमित मर्मत तथा स्तरोन्नति नीति अबलमबन गरिने छ ।
- बाढी तथा कटान नियन्त्रणका लागि तटबन्ध (embankment) निर्माण गर्न बजेट व्यावस्थापन गरिनेछ ।
- नदी कटान प्रभावित क्षेत्रको पुनःस्थापना तथा संरक्षण गर्न , प्राकृतिक विपद् न्यूनीकरणका उपायहरू अपनाउनेछ ।

- बाढी पूर्व सूचना प्रणाली (Early Warning System) सुदृढ गर्ने ,आपतकालीन उद्धार तथा राहत व्यवस्थापन प्रणालीान सुधार गरिनेछ ।
- सिँचाइ सुविधालाई कृषि उत्पादन वृद्धि सँग जोड्ने नीति अवलमन गरिने छ ।
- सिँचाइ उपलब्ध क्षेत्रहरूमा बहुफसली खेती प्रवर्द्धन गर्ने
- किसानलाई सिँचाइ प्रविधि सम्बन्धी तालिम प्रदान गरिने छ ।
- वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गर्ने
- सिँचाइ उपभोक्ता समितिहरूको क्षमता विकास तालिम संचालन गरिने छ ।
- संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय सुदृढ गर्न पहल गरिने छ ।

## ग. भवन तथा शहरी विकास

- नगरपालिकाको भू-उपयोग नीति तयार गरिनेछ ।
- घर निर्माण गर्दा नक्सा पासको व्यवस्था अनिवार्य गरिनेछ ।
- नक्सापास मापदण्ड २०७२ लाई पुर्ण रुपमा कार्यन्यवन ल्याईने छ । ।
- नगरपालिका गठन हुनु पूर्व बनेका घर संरचनाको नक्सा पास गर्न निवेदन पेश भएमा नक्सापास मापदण्ड २०७२ बमोजिम मापदण्ड पूरा भएमा मात्र नक्सापास गरिनेछ । नक्सापास मापदण्ड २०७२ बमोजिम मापदण्ड पुरा गरेको भवनलाई नगरपालिका स्थापना हुनु पूर्व निर्माण भएको भनी अभिलेखिकरण गरिनेछ ।
- सबै सरकारी भवनहरुको लगत तयार गरी संरक्षण तथा मर्मतको व्यवस्था मिलाइनेछ ।
- सुरक्षित नगरिक आवास कार्यक्रमलाई प्रभावाकरी ढंगले संचालनमा ल्याईने छ ।
- बाढी पिडित आगलागी बाट क्षतिग्रत भएका घरपरिवारलाई आर्थिक सहयोगको व्यावस्था मिलाईने छ ।
- भवन निर्माण मापदण्ड तथा भवन संहिता (Building Code) को पालना गराउने निति ल्याईने छ ।
- सडक, खानेपानी, ढल, हरियाली क्षेत्र लगायतका शहरी पूर्वाधारको विकास कार्यक्रम संचालन गरिने छ ।
- जग्गा उपयोग योजना तथा भू-उपयोग नीतिको प्रभावकारी कार्यान्वयन गरिने छ ।

- सडक, ढल, फुटपाथ र सार्वजनिक पूर्वाधार निर्माण ,खुला क्षेत्र, पार्क तथा हरियाली क्षेत्र संरक्षण र विस्तार कार्यक्रम।
- सार्वजनिक भवनहरूको मर्मत, संरक्षण तथा स्तरोन्नति कार्यक्रम संचालन गरिने छ ।
- भू-उपयोग योजना कार्यान्वयन तथा जग्गा व्यवस्थापन कार्यक्रम गरिने छ ।

## घ. उर्जा

- नगरपालिका क्षेत्रभित्रको विद्युत प्रशारण लाईनलाई व्यवस्थित एवं भरपर्दो बनाउन सम्पूर्ण ट्रान्सफर्मरको स्तरवृद्धि गरिनेछ ।
- विद्युत लाईन प्रसारण तथा वितरणमा प्रयोग भएका काठका पोलहरुलाई फलाम तथा स्टिलका पोलहरुले विस्थापन गर्न आबश्यक पहल गरिनेछ ।
- विद्युत वितरणको कार्यलाई विस्तार गर्दै सिँचाईको लागि खेत खेतमा विद्युतको पहुँच पुऱ्याइनेछ ।
- अव्यवस्थित बिजुली पोलहरुलाई व्यवस्थित गरी जोखिम कम गर्नुका साथै सडक क्षेत्रको संरक्षण र वस्तीको सौन्दर्यता बढाउने नीति लिइनेछ ।
- बायो ग्यास प्लान्ट जडानमा जोड दिने नीति लिइनेछ ।
- नगरक्षेत्र भित्र उज्यालो गर्न टावर लाईट र सोलार जडान गर्न बजेटको व्यावस्था मिलाईने छ ।
- नगरपालिकको उपलब्ध जलस्रोत, सौर्य, वायु तथा अन्य नवीकरणीय ऊर्जाको विकास र उपयोग गर्ने निति ल्याईने छ ।
- विद्युत् प्रसारण र वितरण प्रणालीको विस्तार तथा सुदृढीकरण गरिने छ ।
- ऊर्जा क्षेत्रमा निजी, सहकारी तथा सामुदायिक क्षेत्रको सहभागिता प्रोत्साहन गरिने छ ।
- विद्युत् वितरण प्रणाली सुधार तथा आधुनिकीकरण कार्यक्रम संचालन गरिनेछ ।
- विद्युतीय सवारी साधन तथा चार्जिङ स्टेशन विस्तार कार्यक्रम ।
- सडक बत्ती तथा सार्वजनिक क्षेत्रमा सौर्य ऊर्जा जडान कार्यक्रम संचालन गरिने छ ।
- स्वच्छ, भरपर्दो, सुलभ र दिगो ऊर्जा सेवाको विकास तथा विस्तार गरी आर्थिक विकास, वातावरण संरक्षण र नागरिकको जीवनस्तरमा सुधार ल्याउन पहल गरिनेछ

## ङ संचार

- नगरपालिकालाई प्रविधिमैत्री बनाउनको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सरकारी कार्यालयहरु, विद्यालयहरु, स्वास्थ्य संस्थाहरु लगायत सार्वजनिक स्थानहरुमा फ्री इन्टरनेटको सुविधालाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- पत्रपत्रिका तथा एफ.एम. रेडियो संचालन सम्बन्धी आवश्यक कानुन तर्जुमा गरिनेछ ।
- प्रथम एफ.एम. रेडियो संचालन तथा पत्रिका प्रकाशन गर्नेलाई विशेष अनुदानको व्यवस्था गरिनेछ ।
- नगरपालिकाको सूचना प्रवाह र सूचनामा सहज पहूँचका लागि सूचना केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ ।
- यस नगरपालिका क्षेत्रभित्र सूचना तथा सञ्चारलाई अझ प्रभावकारी बनाउन रकमको व्यवस्था गरिनेछ ।
- साईवर काईम सम्बन्धी उपलब्धी मुलक जनचेतामुलक कार्यक्रम संचालनमा जोड दिईनेछ ।
- सबै नागरिकको सूचना तथा सञ्चारमा पहुँच सुनिश्चित गर्ने। ,सञ्चार क्षेत्रलाई आधुनिक, प्रभावकारी र प्रविधिमैत्री बनाउने निति ल्याउनेछ ।
- प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हकको संरक्षण गर्नेछ ।
- सरकारी सेवामा सूचना प्रविधिको प्रयोग बढाई सुशासन प्रवर्द्धन गरिनेछ ।
- टेलिफोन, मोबाइल तथा इन्टरनेट सेवा विस्तार, ई-शासन (E–Governance) तथा डिजिटल सेवा प्रवर्द्धन कार्यक्रम संचालन गरिने छ ।
- विद्यालय तथा सार्वजनिक संस्थाहरूमा इन्टरनेट पहुँच विस्तार कार्यक्रम संचालन गरिने छ ।
- विपद् तथा आपतकालीन अवस्थामा सञ्चार प्रणाली सुदृढीकरण ,सूचना प्रविधि सम्बन्धी जनचेतना तथा क्षमता विकास कार्यक्रम संचालन गरिने छ ।

- सूचना तथा सञ्चार सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गर्दै डिजिटल प्रविधिको उपयोग मार्फत सुशासन, आर्थिक विकास र सामाजिक रूपान्तरणमा योगदान गरिने छ ।

## ४. वन,वातावरण तथा विपद व्यवस्थापन तर्फ

### क.विपद् व्यवस्थापन

- बाढी पूर्व सूचना प्रणाली (Early Warning System) सुदृढ गर्ने ,आपतकालीन उद्धार तथा राहत व्यवस्थापन प्रणालीान सुधार गरिनेछ विपद्का जोखिम न्यूनिकरणका लागि पूर्व तयारी अर्न्तगतका कार्यहरु गरीनेछ ।
- विपद्को समयमा सहयोग गर्नको लागि विपद् व्यवस्थापन कोष खडा गरी रकम कोषमा आपतकालिन आवस्थाको सामना गर्नको लागि राखिनेछ ।
- बकैया नदी नियन्त्रण गर्नको लागि तटबन्धलाई थप मजबुत र सुदृढ पार्न व्यवस्था बजेट व्यावस्था मिलाइने छ ।।
- यस नगरमा दाउराको अभाव तथा धुवाँबाट हुने प्रदुषणलाई ध्यानमा राखी धुवाँमुक्त चुल्हो अभियान प्रभावकारी बनाइनेछ ।
- नगरपालिकाले प्रत्येक सडकको दुबै छेउमा मापदण्ड तोकी वृक्षारोपण कार्यक्रम अगाडि बढाइनेछ । यसको लागि जनतासंग सहकार्यको नीति लिई एक रुख एक सय अनुदानको व्यवस्था मिलाइनेछ ।
- नियमित प्राकृतिक विपदको रुपमा रहेको बाढी, आगलगी र सीतलहरबाट बचाउन विशेष कार्यक्रम ल्याइनेछ र यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- नगरक्षेत्र भित्र वातारण स्वच्छ राख्न वृक्षरोपण कार्यकम संचालन गर्न व्यावस्था मिलाईने छ ।
- सार्वजनिक जग्गा , नदी किनार सडक किनार सरकारी कार्यलय परसिरमा बृक्षरोपण गर्ने कार्य गरिनेछ ।
- वातावरण संरक्षण र दिगो विकास ,प्राकृतिक स्रोत तथा जैविक विविधताको संरक्षण गरिने निति अबलमबन गरिने छ ।
- वातावरणमैत्री विकास निर्माणलाई प्राथमिकता दिनेछ ।

- विपद् जोखिम न्यूनीकरण ,विपद्को जोखिम पहिचान, मूल्याङ्कन र न्यूनीकरण गर्ने निति अवलमबन गरिने छ ।
- जोखिमयुक्त क्षेत्रमा विशेष सुरक्षा उपाय अपनाउने छ ।
- जलवायु परिवर्तन अनुकूलन,जलवायु परिवर्तनका असरहरू सामना गर्न कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरिने छ ।
- जनसहभागिता र सचेतना ,समुदायको सहभागितामा वातावरण संरक्षण तथा विपद् व्यवस्थापन कार्यक्रम सञ्चालन गरिने छ ।
- सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच समन्वय बढाउने छ।
- विपद् व्यवस्थापन सम्बन्धी संस्थागत क्षमता अभिवृद्धि गरिने छ ।

## ख.फोहर मैला तथा ढल व्यवस्थापन

- फोहोरमैला व्यवस्थापनको नगरपालिकाले उपयुक्त ल्याण्ड फिल्ड साइटको व्यस्थापनको लागि जग्गाको खोजी गरिनुका साथै अल्पकालिन फोहोर व्यवस्थापनको लागि जग्गा भाडामा लिने निति अवलम्वन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापनको कार्य गर्ने संघ संस्था वा कम्पनीलाई विशेष अनुदानको व्यवस्था गरिनेछ ।
- सार्वजनिक स्थान, नदी तथा खोलाको सरसफाइ अभियान संचालन गरिने छ ।
- ढल निकास प्रणालीको निर्माण तथा विस्तार कार्यक्रम संचालन गरिने छ ।
- ढल प्रशोधन केन्द्र (Wastewater Treatment Plant) स्थापना र सञ्चालन गर्न विशेष पहल गरिने छ ।
- नगरपालिका क्षेत्रको फोहोर मैला व्यवस्थापनको लागि नीजि क्षेत्रको साँझेदारीमा फोहोर व्यवस्थापन गर्ने उचित प्रबन्ध मिलाईनेछ ।
- घर-घरबाट नियमित फोहोर संकलन कार्यक्रम निति ल्याईने छ ।
- कम्पोस्ट मल उत्पादन तथा जैविक फोहोर व्यवस्थापन कार्यक्रममा जोडदिने छ ।
- प्लास्टिकजन्य फोहोर न्यूनीकरण तथा वैकल्पिक सामग्रीको प्रयोग प्रवर्द्धन गरिनेछ
- ढल निकास सम्बन्धमा वडाबाट माग भई आएका योजनालाई सम्बन्धित क्षेत्रगत निकाय संग समन्वय गरी योजनाको निर्माण तथा मर्मत संभार गरिनेछ ।

- फोहोरमैला तथा ढल व्यवस्थापनका सम्बन्धनी  नीति तथा कार्यक्रम संचालन गरिने छ ।
- अनियन्त्रित फोहोर फाल्ने कार्यलाई निरुत्साहित गरी कानुनी व्यवस्था लागू गनुपर्ने छ ।
- जनसहभागिता तथा निजी क्षेत्रको सहभागिता बढाउनेछ ।
- स्वास्थ्य संस्थाबाट निस्कने जोखिमयुक्त फोहोरको सुरक्षित व्यवस्थापन गरिने छ ।

## ५. संस्थागत विकास तथा सेवा प्रवाह

### क. सामान्य सेवा तथा सुरक्षा व्यवस्थापन

- नगरभित्रका सबै सरकारी कार्यालयहरुमा ई- हाजिरी जडान गरिनेछ ।
- नगरभित्रका बजार क्षेत्रमा सी.सी. क्यामरा जडान कार्यलाई विस्तार गरिनेछ ।
- विद्यालय, स्वास्थ्य संस्थाहरु र सरकारी कार्यालयहरुमा ईन्टरनेट तथा सी.सी. क्यामरा जडान गरिनेछ ।
- प्रत्येक विद्यालयहरुमा आवश्यक फर्निचर कागजात सुरक्षित राख्न दराजको व्यावस्था मिलाईने छ ।
- सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन संस्थागत पूर्वाधार विकासका साथै कर्मचारी तथा पदाधिकारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र कार्यसम्पादन, अतिरिक्त समयमा काम गरे बापत स्थायी कर्मचारीहरुलाई प्रोत्साहन भताको व्यवस्था गरिनेछ ।
- यस नगरपालिकाभित्रका सबै सार्वजनिक निकायमा अनिवार्य रुपमा नागरिक सहायता कक्षको स्थापना तथा नागरिक वडापत्र र सुझाव पेटिका अनिवार्य रुपमा राख्नुपर्ने व्यवस्था मिलाइनेछ । सेवा प्रवाहलाई प्रभावकारी बनाउन सेवाको मापदण्ड निर्धारण गरिनेछ साथै सेवा प्रवाहमा विद्युतीय माध्यम तथा सुचना प्रविधिको प्रयोगमा जोड दिइनेछ ।
- नगरपालिकाको योजना निर्माण प्रक्रियालाई थप प्रभावकारी बनाउन नगरपालिकालको पार्श्वचित्र निर्माण गरिनेछ ।
- नगरपालिकाका सम्पूर्ण सूचनाहरुमा जनताको पहुँच पुर्याउन, सूचना केन्द्र स्थापना, सञ्चालन र  वेवसाईटलाई प्रभावकारी बनाइनेछ ।

- शान्ति सुरक्षालाई अझ बढी व्यवस्थित र स्थायीत्व दिन यस इलाका प्रहरी कार्यालयको नाममा उपयुक्त स्थानमा जग्गा खरिद गरी प्रहरी कार्यालय बनाउन पहल गरिनेछ ।
- नागरिकलाई गुणस्तरीय, प्रभावकारी र सहज सार्वजनिक सेवा प्रदान गरिने छ ।
- सार्वजनिक सेवामा पारदर्शिता, जवाफदेहिता र नागरिकमैत्री प्रणाली विकास गरिने छ ।
- मानव अधिकार, सामाजिक न्याय तथा समावेशीकरणलाई प्रवर्द्धन गर्न कार्यक्रम संचालन गरिने छ ।
- सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन तथा नागरिक सहभागिता कार्यक्रम संचालन गरिने छ ।
- कार्यालय व्यवस्थापन तथा क्षमता विकास कार्यक्रम संचालन गरिने छ ।
- नागरिकलाई सुरक्षित, सहज, पारदर्शी र प्रभावकारी सार्वजनिक सेवा उपलब्ध गराई शान्ति, सुरक्षा, सुशासन र समृद्ध समाज निर्माण गर्न बिशेष जोडदिने छ ।

**ख. स्थानिय तथ्याक सकलन र अभिलेख व्यवास्थापन :**

- नगरपालिकामा समग्र राजश्व संभाव्यता अध्ययन गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ र सोही अध्ययन प्रतिवेदनलाई समेत आधार मानी आगामी आ.व को कार्यक्रमहरु तय गरिनेछ ।
- स्थानीय तहका तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित, अद्यावधिक र विश्वसनीय बनाउने छ ।
- योजना निर्माण, कार्यान्वयन तथा अनुगमनका लागि तथ्यमा आधारित निर्णय प्रक्रियालाई प्रोत्साहन गरिने छ ।
- व्यक्तिगत तथा संस्थागत तथ्याङ्कको गोपनीयता र सुरक्षाको सुनिश्चितता गरिने छ ।

- सबै क्षेत्रका तथ्याङ्कलाई एकीकृत रूपमा संकलन, भण्डारण र व्यवस्थापन गरिने छ ।
- सार्वजनिक सूचनामा नागरिकको सहज पहुँच सुनिश्चित गरिने छ ।
- तथ्याङ्क व्यवस्थापनमा पारदर्शिता, शुद्धता र उत्तरदायित्व कायम गर्ने विशेष कार्यक्रम संचालन गरिनेछ ।
- घरधुरी, जनसंख्या तथा सामाजिक-आर्थिक तथ्याङ्क संकलन कार्यक्रम संचालन गरिने छ ।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइ तथा व्यक्तिगत घटना दर्ता अभिलेख व्यवस्थापन कार्य गरिने छ ।
- कर्मचारीहरूको तथ्याङ्क तथा अभिलेख व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रम संचालन गरिने छ ।
- एकीकृत स्थानीय सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा जोडदिने छ ।
- विश्वसनीय, अद्यावधिक र व्यवस्थित तथ्याङ्क तथा अभिलेखको विकास गरी प्रभावकारी योजना निर्माण, सेवा प्रवाह, सुशासन र स्थानीय विकासलाई बिशेष जोड दिनेछ ।
- जन्म भएका दलित बालबालिकाको ३५ दिन भित्र जन्म दर्ता गराएमा प्रोत्साहन वापत रु.१००० उपलब्ध गराइनेछ ।

## ६. वित्तिय व्यवस्थापन र सुशासन तर्फ

- स्थानीय तहको अधिकार क्षेत्रभित्रको विषयमा कानून बनाई कार्यान्वयन गरिनेछ । नगरपालिकाबाट प्रवाह गरिने सेवाअन्तर्गत नगरपालिका र वडा कार्यालयहरुबाट गरिने सिफारिस वापत लिइने शुल्क, नगरिकता सिफारिस, व्यक्तिगत घटना दर्ता शुल्कलाइ निशुल्क गरिनेछ ।
- प्रत्येक सार्वजनिक निर्माणहरुको अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गरिनेछ ।

- वित्तिय अनुशासनलाई कडाईका साथ पालना गरिनेछ। वित्तिय जोखिम न्यूनीकरणको लागि वित्तिय जोखिम न्यूनीकरण गर्ने संस्थाहरुको स्थापनामा जोड दिइनेछ ।
- नगरपालिकाको आर्थिक कारोबारलाई सरकारी मापदण्ड अनुरुप लेखाङ्कन पद्धतिमा राखिनेछ ।
- अन्तिम लेखापरीक्षण र बेरुजु फछ्यौटलाई तोकिएको समयमा सम्पन्न गर्ने नीति अवलमबन गरिने छ ।।
- यस नगरपालिकाको बजार क्षेत्रमा सुरक्षा व्यवस्था कायम गर्न र पर्यटकहरुको तथा व्यवसाय कर असुलीमा सहयोग पुऱ्याउन नगर प्रहरीको व्यवस्था गरिनेछ ।
- यस नगरपालिकाको विभिन्न क्षेत्रहरुमा रहेको खाली ऐलानी र परती जग्गाको खोजी गरी खाली गर्न नगरपालिकाले आवश्यक पहल गरिनेछ । . वित्तीय स्रोत तथा साधनको पारदर्शी, मितव्ययी र प्रभावकारी परिचालन गर्ने।
- आन्तरिक नियन्त्रण तथा वित्तीय अनुशासनलाई सुदृढ गर्ने र राजस्व संकलनको दायरा विस्तार गरी आन्तरिक आय अभिवृद्धि गरिने छ ।
- सार्वजनिक खर्चलाई नतिजामुखी, उत्तरदायी र प्रभावकारी र सार्वजनिक खरिद प्रक्रियालाई प्रतिस्पर्धी, पारदर्शी र विधिसम्मत बनाउन अवश्यक प्रकिया अपनाईने छ ।
- सूचना प्रविधिमा आधारित वित्तीय तथा प्रशासनिक प्रणालीको विकास गरिने छ ।
- वार्षिक बजेट तथा योजना तर्जुमा र कार्यान्वयन गरिने छ ।
- राजस्व संकलन तथा कर प्रशासन सुदृढीकरण कार्यक्रम संचालन गरिने छ ।
- बेरुजु फछ्र्यौट तथा वित्तीय अनुशासन सुदृढीकरण गरिनेछ ।
- सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा सार्वजनिक लेखापरीक्षण कार्यक्रम संचालन गरिने छ ।
- ई-गभर्नेन्स तथा डिजिटल वित्तीय व्यवस्थापन प्रणाली सञ्चालन गरिने छ ।
- कर्मचारी तथा जनप्रतिनिधिको वित्तीय व्यवस्थापन र सुशासन सम्बन्धी क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

- वित्तीय स्रोतहरूको पारदर्शी, उत्तरदायी, मितव्ययी र प्रभावकारी व्यवस्थापन मार्फत सुशासन प्रवर्द्धन गरी दिगो विकास र गुणस्तरीय सार्वजनिक सेवा प्रवाह सुनिश्चित गरिने छ ।
- नगरपालिकाको क्षेत्रभित्र अनुमति, स्वीकृति लिएर मात्र घर, भवनहरु निर्माण गर्न पाइने व्यवस्था गरिनेछ ।

अनत्यमा आजको यस १३ नगरसभाको ११ औ बजेट अधिवेशनको प्रारम्भ भएको कार्यक्रम समारोहमा उपस्थित भई कार्यक्रमको शोभा बढाईदिनुहुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, अन्य अतिथिज्यूहरु, नगरसभाका सदस्यज्यूहरु, पत्रकार मित्रहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरुलाई पुनः एकपटक हृदयदेखि नै हार्दिक आभार प्रकट गर्दछु ।

धन्यावाद ।

२०८३ अषाढ ०८ गते सोमबार